जब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हामीकहाँ आउनुभयो, हामीले भन्यौं: हे अल्लाहका रसूल! तपाईंलाई सलाम (अभिवादन) कसरी गर्ने भनेर हामीले सिकेका छौं, तर तपाईंमाथि दरुद कसरी पठाउने ?

अब्दुर रहमान बिन अबु लैला भन्छन्, काअब् बिन उज्राले मलाई भेटे र भने: के म तिमीलाई कोसेली नदिउँ?" जब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हामीकहाँ आउनुभयो, हामीले भन्यौं: हे अल्लाहका रसूल! तपाईंलाई सलाम (अभिवादन) कसरी गर्ने भनेर हामीले सिकेका छौं, तर तपाईंमाथि दरुद कसरी पठाउने ? उहाँले भन्नुभयो: "तिमीहरू यसरी भन: ‘अल्लाहुम्म सल्लि अला मुहम्मद्, व अला आलि मुहम्मद्, कमा सल्लैत अ़ला आले इब्राहीम्, इन्नक हमीदुम्मजीद् । अल्लाहुम्म बारिक् अला मुहम्मद्, व अला आलि मुहम्मद्, कमा बारक्त अला इब्राहीम्, इन्नक हमीदुम्मजीद्’ ।" [सही] [मुत्तफकुन अलैहि]

सहाबाहरूले नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधे कि हामीले (नमाजमा बस्ने स्थिति) 'अत्तहिय्यातु' मा "अस्सलामु अलैक अय्युहन्नबिय्यु वरह्-मतुल्लाहि व बरकातुहु" द्वारा तपाईंलाई सलाम (अभिवादन) गर्ने तरिका सिकेका छौं, तर दरुद कसरी पठाउने "? नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उनिहरुलाई दरुद पठाउने तरिका सिकाउनुभयो, जसको अर्थ हो : "‘अल्लाहुम्म सल्लि अला मुहम्मद्, व अला आलि मुहम्मद्" अर्थात्: उच्च (उत्कृष्ट र नजिकका फरिश्ताहरू) सभामा मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्दर शब्दहरूले प्रशंसा गर्नु, उहाँको धर्मका अनुयायीहरू र उहाँका आफन्तमध्येका विश्वास गर्नेहरू माथि कृपा गर्नु। "कमा सल्लैत अ़ला आले इब्राहीम्" अर्थात् जसरी तपाईंले इब्राहीमको परिवारलाई आशीर्वाद प्रदान गर्नुभएको छ । त्यसरी नै मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि आफ्नो अनुग्रह विस्तार गर्नुहोस् । इब्राहीमको परिवार भन्नाले—इब्राहीम, इस्माईल, इसहाक, तिनीहरूको सन्तान तथा तिनीहरूको आस्थावान अनुयायीहरूलाई बुझिन्छ।” "इन्नक हमीदुम्मजीद्" अर्थात : तपाईं आफ्नो सत्ता, गुण र कर्ममा प्रशंसनीय हुनुहुन्छ र असीम महानता, प्रभुत्व र आशीर्वादको मालिक हुनुहुन्छ । "अल्लाहुम्म बारिक् अला मुहम्मद्, व अला आलि मुहम्मद्, कमा बारक्त अला आले इब्राहीम्" अर्थात्, उहाँलाई सबैभन्दा ठूलो भलाइ र सम्मान प्रदान गर्नुहोस् र यसमा अझै वृद्धि गर्नुहोस् र यसलाई निरन्तर राख्नुहोस् इब्राहीम माथि गरेजस्तै।

http://sunnah.global/hadeeth/ne/show/5377